# सन् २०२५ को क्षेत्रीय र स्थानीय निर्वाचनको जानकारी

फिनल्यान्डमा क्षेत्रीय र स्थानीय निर्वाचन **आइतबार, १३ अप्रिल २०२५** मा सम्पन्न हुनेछ। क्षेत्रीय र स्थानीय निर्वाचन हरेक चार वर्षमा आयोजित हुन्छ, जसमा नगर परिषद्हरू र कल्याण क्षेत्रीय परिषद्हरूको चयन गरिन्छ।

फिनल्यान्ड संविधान (७३१/१९९९) अनुसार, देशलाई विभिन्न नगरहरूमा विभाजन गरिएको छ, जसलाई स्थानीय प्रशासनको अधिकार प्रदान गरिएको छ। नगरले आफ्ना बासिन्दाहरूका लागि धेरै आधारभूत सेवाहरूको व्यवस्था गर्छ। नगरको सर्वोच्च निर्णय अधिकार स्थानीय निर्वाचनबाट निर्वाचित परिषद्ले गर्दछ।

संविधानमा उल्लेख भएअनुसार, नगरभन्दा ठूला प्रशासनिक क्षेत्रहरूको स्वशासनसम्बन्धी व्यवस्था छुट्टै कानूनद्वारा गरिन्छ। सन् २०२१ मा फिनल्यान्डमा २१ स्वशासित कल्याण क्षेत्रहरू स्थापना गरिएका थिए। यी क्षेत्रहरूले सामाजिक र स्वास्थ्य सेवा तथा उद्धार सेवाहरूको व्यवस्थापन नगरहरूसँगै साझा रूपमा सञ्चालन गर्छन्। कल्याण क्षेत्रहरूमा उच्च निर्णयसत्ता क्षेत्रीय निर्वाचनबाट निर्वाचित क्षेत्रीय परिषद्को हातमा हुन्छ।

आल्याण्ड प्रान्तमा क्षेत्रीय र स्थानीय निर्वाचनहरू सञ्चालन गरिँदैन। हेलसिन्कीका नगरवासीहरूले केवल स्थानीय निर्वाचनमा मतदान गर्न सक्छन्, किनभने हेलसिन्की कुनै पनि कल्याण क्षेत्रमा समावेश छैन।

## मताधिकार – को को मतदान गर्न सक्छन्??

मताधिकार प्राप्त गर्नका लागि तपाईंले कम्तीमा निर्वाचनको दिन (१३.४.२०२५) सम्ममा १८ वर्षको उमेर पूरा गरेको हुनुपर्छ। थप रूपमा, तपाईंको फिनल्यान्डमा निम्न आधारमा नगर दर्ता भएको हुनुपर्छ :

- यदि तपाईं फिनल्यान्ड, युरोपियन युनियनका कुनै देश, आइसल्याण्ड, वा नर्वेका नागरिक हुनुहुन्छ भने, २१ फेब्रुअरी २०२५ सम्म फिनल्यान्डमा तपाईंको नगर दर्ता भएको हुनुपर्छ।
- अन्य देशका नागरिकहरू को हकमा, २१ फेब्रुअरी २०२५ सम्म लगातार दुई वर्षसम्म फिनल्यान्डमा तपाईंको नगर दर्ता भएको हुनुपर्छ।

नगरको निर्धारण फिनल्यान्डको नगर ऐन (२१०/१९९४) अनुसार निर्धारण गरिन्छ। सामान्यतया, तपाईं जहाँ बस्नुहुन्छ, त्यही नगर तपाईंको दर्ता नगर मानिन्छ।

सन् २०२५ को स्थानीय निर्वाचनमा तपाईं त्यही नगरमा मताधिकारयुक्त हुनुहुनेछ, जुन नगर २१.२.२०२५ को राति २४:०० बजेसम्म जनसंख्या सूचना प्रणालीमा तपाईंको दर्ता नगरका रूपमा उल्लेख गरिएको छ।

आवश्यक परे, तपाईंले आफ्नो नगरको जानकारी डिजिटल तथा जनसंख्या सूचना कार्यालय (Digi- ja väestötietovirastosta) बाट जाँच गर्न सक्नुहुन्छ।

स्थानीय निर्वाचनमा तपाईंले केवल आफ्नो नगरका उम्मेदवारलाई मतदान गर्न सक्नुहुन्छ।
क्षेत्रीय निर्वाचनमा तपाईंले केवल आफ्नो कल्याण क्षेत्रका उम्मेदवारलाई मतदान गर्न सक्नुहुन्छ।

फिनल्यान्डमा निर्वाचनमा मतदान स्वेच्छिक हुन्छ।

## मताधिकारको सूचना सबै मताधिकारयुक्त व्यक्तिहरूलाई पठाइनेछ।

डिजिटल तथा जनसंख्या सूचना कार्यालयले निर्वाचनको पूर्वसन्ध्यामा एक मताधिकार रजिस्टर तयार गर्छ, जसमा सबै मताधिकारयुक्त व्यक्तिहरूलाई समावेश गरिन्छ। यस रजिस्टरमा छुट्टै दर्ता गर्न आवश्यक पर्दैन।

डिजिटल तथा जनसंख्या सूचना कार्यालयले २० मार्च २०२५ सम्ममा सबै मताधिकारयुक्त व्यक्तिहरूलाई मताधिकारको सूचना पठाउनेछ। यदि तपाईँले Suomi.fi सन्देश सेवा प्रयोग गर्नुभएको छ भने यो सूचना तपाईँलाई केवल डिजिटल रूपमा प्राप्त हुनेछ (थप जानकारी: www.suomi.fi/viestit)।

मताधिकार सूचनामा तपाईंलाई मतदानसम्बन्धी निर्देशनहरू, तपाईँको निवासस्थान नजिकै रहेका अग्रिम मतदान केन्द्रहरूको सूची, र तपाईँको मताधिकार सम्बन्धी विवरण प्रदान गरिनेछ।
मतदान केन्द्रमा जानका लागि मताधिकार सूचना आवश्यक छैन; पहिचान प्रमाणपत्र (ID) मात्र पर्याप्त हुन्छ।
तर, यदि तपाईंले संस्थानमा वा विदेशमा मतदान गर्नुहुन्छ भने, मताधिकार सूचना साथमा लिएर जानु उपयुक्त हुन्छ।

**उम्मेदवारीयोग्यता – उम्मेदवार को बन्न सक्छ?**
तपाईं स्थानीय निर्वाचनमा उम्मेदवार बन्न सक्नुहुन्छ, यदि:
- तपाईँको नगरमा तपाईँको नाम दर्ता गरिएको छ, जहाँ तपाईं उम्मेदवार बन्ने योजना गर्नुहुन्छ; र
- तपाईं कुनै पनि फिनल्यान्डको नगरको स्थानीय निर्वाचनमा मताधिकारयुक्त हुनुहुन्छ।

तपाईं क्षेत्रीय निर्वाचनमा उम्मेदवार बन्न सक्नुहुन्छ, यदि:
- तपाईँको नाम त्यस कल्याण क्षेत्रको भित्रको नगरमा दर्ता गरिएको छ, जहाँ तपाईं उम्मेदवार बन्ने योजना गर्नुहुन्छ; र
- तपाईं कुनै पनि कल्याण क्षेत्रको क्षेत्रीय निर्वाचनमा मताधिकारयुक्त हुनुहुन्छ।

तर, कल्याण क्षेत्र ऐन र नगर ऐनमा उल्लेख गरिएका केही सरकारी कर्मचारीहरू, साथै कल्याण क्षेत्र वा नगरका प्रमुख अधिकारीहरू र कर्मचारीहरू उम्मेदवार बन्न अयोग्य हुन्छन्।
त्यसैगरी, अदालतको निर्णयद्वारा अक्षम घोषित व्यक्तिहरू पनि उम्मेदवार बन्न सक्दैनन्।

**उम्मेदवारको प्रस्ताव**
क्षेत्रीय र स्थानीय निर्वाचनमा उम्मेदवारको प्रस्ताव निम्न व्यक्तिहरूले गर्न सक्छन्:
- दर्ता भएका राजनीतिक दलहरू।
- मताधिकारयुक्त व्यक्तिहरू, जसले उम्मेदवार समूह (valitsijayhdistys) गठन गरेका छन्।

क्षेत्रीय निर्वाचन र स्थानीय निर्वाचनका उम्मेदवारहरू अलग-अलग प्रस्ताव गरिन्छन्।

राजनीतिक दलहरूले आफ्ना नियमअनुसार उम्मेदवारहरूको छनोट गर्छन्। यदि तपाईं कुनै दलको उम्मेदवार बन्न चाहनुहुन्छ भने, तपाईंले उक्त दलसँग सहमति गर्नुपर्छ।

स्थानीय निर्वाचनका लागि उम्मेदवार समूह गठन गर्न कम्तीमा १० मताधिकारयुक्त नगरवासी आवश्यक छन्। सानो जनसङ्ख्या भएका नगरहरूमा भने उम्मेदवार समूह गठन गर्न ३ वा ५ नगरवासी पर्याप्त हुन्छन्। क्षेत्रीय निर्वाचनका लागि उम्मेदवार समूह गठन गर्न, सम्बन्धित कल्याण क्षेत्रभित्रका ५० मताधिकारयुक्त बासिन्दाहरू आवश्यक हुन्छन्।

क्षेत्रीय निर्वाचनका लागि उम्मेदवार बन्ने आवेदन सम्बन्धित कल्याण क्षेत्रको क्षेत्रीय निर्वाचन आयोग मा बुझाउनुपर्छ, र स्थानीय निर्वाचनका लागि आवेदन सम्बन्धित नगरको केन्द्रिय निर्वाचन आयोग मा बुझाउनुपर्छ।

प्रत्येक आधिकारिक रूपमा स्वीकृत उम्मेदवारलाई एक विशेष उम्मेदवार नम्बर प्रदान गरिन्छ। यदि एउटै व्यक्ति दुवै क्षेत्रीय र स्थानीय निर्वाचनमा उम्मेदवार छन् भने, उनको क्षेत्रीय निर्वाचनका लागि फरक उम्मेदवार नम्बर र स्थानीय निर्वाचनका लागि फरक उम्मेदवार नम्बर हुनेछ। प्रत्येक निर्वाचनका लागि उम्मेदवारहरूको सूची अलग-अलग तयार गरिन्छ र नम्बरको क्रमअनुसार कागजमा प्रिन्ट गरिन्छ।

उम्मेदवार सूचीको संयुक्त कागजात १३ मार्च २०२५ मा तयार गरिनेछ। यस सूचीलाई मतदान केन्द्रहरूमा र न्याय मन्त्रालयको निर्वाचन वेबसाइट (www.vaalit.fi) मा हेर्न सकिनेछ।

**मतदान प्रक्रिया**
तपाईँले मतदान गर्न निर्वाचनको दिन आइतबार, १३.४.२०२५ मा अथवा त्यस दिनभन्दा अघि अग्रिम मतदान अवधिमा गर्न सक्नुहुन्छ।

तपाईंले क्षेत्रीय र स्थानीय निर्वाचन दुवैमा एउटै मतदान केन्द्रमा एकैपटक मतदान गर्न सक्नुहुन्छ। तपाईंले चाहनु भएमा यीमध्ये कुनै एक निर्वाचनमा मात्र पनि मतदान गर्न सक्नुहुन्छ। तपाईंले प्रत्येक निर्वाचनमा केवल एकपटक मतदान गर्न सक्नुहुन्छ।

क्षेत्रीय निर्वाचनमा बैजनी (पर्पल) रंगको मतदान पर्चा प्रयोग गरिन्छ र स्थानीय निर्वाचनमा सेतो रंगको मतदान पर्चा प्रयोग गरिन्छ।

***अग्रिम मतदान:***
अग्रिम मतदान **बुधबार, २.४.२०२५** मा सुरु हुनेछ।
अग्रिम मतदान विदेशमा **शनिबार, ५.४.२०२५** मा समाप्त हुनेछ र फिनल्यान्डमा **मंगलबार, ८.४.२०२५** मा समाप्त हुनेछ।

अग्रिम मतदान केन्द्रहरू यी दिनहरूमा विभिन्न समयहरूमा खुला रहनेछन्।

तपाईं अग्रिम मतदान गर्न फिनल्यान्डभित्र वा विदेशमा कुनै पनि सार्वजनिक अग्रिम मतदान केन्द्रमा जान सक्नुहुन्छ।

अग्रिम मतदान केन्द्रहरूको स्थान र खुल्ने समयको जानकारी तपाईंले आफ्नो मताधिकार सूचना संलग्नक वा www.vaalit.fi वेबसाइटबाट पाउन सक्नुहुन्छ।

सार्वजनिक अग्रिम मतदान केन्द्रहरूबाहेक, सीमित अवस्थामा तपाईंले निम्न स्थानहरूमा पनि अग्रिम मतदान गर्न सक्नुहुन्छ: उदाहरणका लागि, अस्पतालहरू, सामाजिक सेवाका इकाइहरू, सैनिक क्याम्पहरू, कारागारहरू, वा विदेशमा रहेका फिनल्यान्डका जहाजहरू। यी स्थानहरूमा केवल त्यहाँ उपचाररत वा बसोबासरत व्यक्तिहरूले मतदान गर्न सक्नेछन्। जहाजमा मात्र त्यहाँका कर्मचारीहरूले मतदान गर्न सक्नेछन्।

यदि तपाईंलाई मतदान केन्द्रसम्म जान कठिन हुन्छ भने, तपाईंले आफ्नो घरमै बसेर अग्रिम मतदान गर्न सक्नुहुन्छ। घरमै मतदान गर्नको लागि तपाईंले आफ्नो नगरको केन्द्रिय निर्वाचन आयोगलाई १.४.२०२५ को १६:०० बजेसम्म जानकारी दिनुपर्छ।

यदि तपाईं सम्पूर्ण मतदान अवधिभर र निर्वाचनको दिन विदेशमै हुनुहुन्छ भने, तपाईंले वैकल्पिक रूपमा पत्रमार्फत मतदान गर्न सक्नुहुन्छ।
पत्रमार्फत मतदान गर्नका लागि तपाईंले मतदान सामग्री न्याय मन्त्रालयको वेबसाइट (www.vaalit.fi/kirjeaanestys) बाट विदेशको ठेगानामा अर्डर गर्नुपर्नेछ।

***निर्वाचनको दिन मतदान:***
निर्वाचनको दिन मतदान **आइतबार, १३.४.२०२५, बिहान ९:०० देखि साँझ २०:००** बजेसम्म हुनेछ।

निर्वाचनको दिन तपाईंले केवल आफ्नो नगरको, तपाईंको मताधिकार सूचनामा उल्लिखित मतदान केन्द्रमा मात्र मतदान गर्न सक्नुहुन्छ।

मतदान प्रक्रिया सम्बन्धी थप जानकारी तपाईंले आफ्नो मताधिकार सूचना, www.vaalit.fi, वा मतदान केन्द्रका निर्वाचन कर्मचारीहरूबाट प्राप्त गर्न सक्नुहुन्छ।

**थप जानकारी**

- निर्वाचनसम्बन्धी थप जानकारी तपाईंले आफ्नो नगरको केन्द्रिय निर्वाचन आयोगबाट प्राप्त गर्न सक्नुहुन्छ व्यक्तिगत मताधिकारसम्बन्धी प्रश्नहरूको उत्तर डिजी तथा जनसंख्या सूचना कार्यालयले दिनेछ। (यी दुवैको सम्पर्क विवरण तपाईंको मताधिकार सूचनामा समावेश हुनेछ।
- अग्रिम मतदान केन्द्रहरूको ठेगाना र समय, पत्रमार्फत मतदान गर्ने निर्देशन, उम्मेदवारहरूको विवरण, र अन्य जानकारी न्याय मन्त्रालयको निर्वाचन वेबसाइट (www.vaalit.fi) मा उपलब्ध छ।